# विष्णुपुर गाउँपालिकाको आर्थिक विधेयक २०७९

**विष्णुपुर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक...**

**प्रस्तावनाः** विष्णुपुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम विष्णुपुर गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **आर्थिक ऐन, २०७९** रहने छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिकाक्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिकाक्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाक्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिकाक्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची - १
## एकिकृत सम्पत्ति कर/ घरजग्गा कर

| सि.नं. | विवरण | बार्षिक करको दर रु. |
|---|---|---|
| १. | टाटीको वेराभएको फुसको छानो भएको भुँइतले घर (प्रतिघर) | २२।०० |
| २. | टाटीको वेरा भएको फुसको छानो भएको दुईतले घर (प्रतिघर) | ३३।०० |
| ३. | टाटीको वेरा भएको टिनको छानो भएको भुईतले घर (प्रतिघर) | ३३।०० |
| ४. | टाटीको वेरा भएको टिनको छाना भएको दुईतले घर (प्रतिघर) | ४४।०० |
| ५. | ईटाको दिवाल भएको फुसको छानो भएको भुईतले घर (प्रतिघर) | ४९।५० |
| ६. | ईटाको दिवाल भएको टिनको छानो भएको भुईतले घर (प्रतिघर) | ५५।०० |
| ७. | ईटाको दिवाल भएको टिनको छानो भएको दुईतले घर (प्रतिघर) | ७७।०० |
| ८. | एकतले पक्का मुण्डाघर (प्रतिघर) | ११०।०० |
| ९. | दुईतले मुण्डा पक्का घर (प्रतिघर) | १६५।०० |
| १०. | तिन तले पक्का मुण्डाघर ( प्रतिघर) | ३३०।०० |
| ११. | तिनतले भन्दा माथिको पक्काघरको प्रतितल्ला थप (प्रतिघर) | २२०।०० |

## अनुसूची - २
## भूमि कर (मालपोत)

| सि.नं. | क्षेत्रफल | दर /प्रति कठ्ठा रु. | | | |
|---|---|---|---|---|---|
| | | अव्बल | दोयम | सिम | चहार |
| १. | १ कठ्ठा देखि १ विघा सम्म | ३।- | २।- | २।- | १।- |
| २. | १ विघा देखि १.५० विघा सम्म | ४।- | ३।- | २।- | १।- |
| ३. | १.५० विघा देखि ३ विघा सम्म | ५।- | ४।- | ३।- | २।- |
| ४. | ३ विघा भन्दा माथि जति भएपनि | ७।- | ५।- | ४।- | ३।- |
| ५. | उद्योग तथा संस्थाको नाममा रहेको जग्गाको | २५।- | २०।- | १५।- | १०।- |
| ६. | न्युनतम मालपोत रु. | ५।- | | | |
| ७. | जरिवाना १ वर्षको भए १०% त्यसपछि प्रत्येक वर्षको थप ५% ले जोडी लिने । | | | | |

## अनुसूची - ३
## घर बहाल कर

**क०** गाउँपालिका क्षेत्रभित्रको घर, पसल, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहाल दिएकोमा सम्बन्धित घर जग्गा धनीबाट वहाल रकमको- **५ प्रतिशतका** दरले वहाल कर लिने ।

**ख०** गाउँपालिकाले आफुले निर्माण रेखदेख तथा संचालन गरेको हाट बजार सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा अस्थायी पसल राख्न दिए वापत मासिक प्रति वर्गफीट रु ५ का दरले कर लिने ।

ग० गार्मणि गरी वसोवास गर्ने तथा बाली क्षेत्र भित्रमा ऐलानी सार्वजनीक पर्ती जग्गामा घर नि .पा. धरौटी कर १५तथा थप प्रति कठ्ठा रु २५नाली लगाउने लाई वार्षिक प्रतिकठ्ठा न्युनतम रु असुल गर्ने साथै सो जग्गामा भौतिक संरचना निर्माण भएको भए सम्पत्ती करको मूल्याङ्कन बमोजिम लिने ।

घ० गाउँपालिकाले आफुले निर्माण गरी दिएको पक्का घर (जस्ताछाना भएको समेत) पानी तथा विधुत सेवा उपलब्ध गराउँदा पानी तथा बत्तीको महशुल सम्वन्धित उपभोक्ता सँगै अशुल गरी प्रति कोठाको न्यूनतम् रु तपशिल बमोजिम कायम गरिएको छ । त्यस्ता घरभाडा लगाउदा प्रतिस्पर्धामा लगाउनुपर्ने छ ।

तपशिल :-

| सि.नं. | सटर नं | मासिक रु. |
|---|---|---|
| १ | सटर नं १ (विष्णुपुर हटियामा निर्माण गरिएको पूर्व पट्टीको सटर) | ५००० |
| २ | सटर नं २ | ४००० |
| ३ | सटर नं ३ | ४००० |
| ४ | सटर नं ४ | ४००० |
| ५ | सटर नं ५ | ३५०० |
| ६ | सटर नं ६ | ३५०० |
| ७ | सटर नं ७ | ३००० |
| ८ | सटर नं ८ | ३००० |
| ९ | सटर नं ९ | २५०० |
| १० | सटर नं १० | २५०० |
| ११ | सटर नं ११ | २००० |
| १२ | सटर नं १२ | १५०० |
| | **जम्मा** | **३८५००** |

**नोट :- क) प्रति दुई वर्ष १०% का दरले भाडा दरमा बृद्धि हुनेछ ।**

**ख) साप्ताहित हटियाको दिन पसलको वरण्डा भन्दा तल सामान पसारी पसल थापेमा बहाल विटौरी कर हटिया ठेकेदारलाई तोकिएको दररेट अनुसार तिर्नुपर्ने छ ।**

| सि.नं. | विवरण | प्रतिदिन रु. |
|---|---|---|
| १ | वडा कार्यालयमा रहेको हल भाडा दस्तुर | १५००। |
| २ | प्रोजेक्टर भाडा | १०००। |

## उपकरण

| सि.नं. | विवरण | प्रति घण्टा रु. |
|---|---|---|
| १ | **एक्साभेटर (चालक सहित र इन्धन बाहेक, आतेजाते समय वा खर्च वाहेक)** | |
| क | गाउँपालिकाबाट संचालन भएका आयोजनाहरुमा प्रयोग भई वापत | ४०००। |
| ख | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति/ठेकेदार/संस्थाले प्रयोग गरे वापत | ४५००। |
| ग | गाउँपालिका क्षेत्र बाहिर कुनै व्यक्ति/ठेकेदार/संस्थाले प्रयोग गरे वापत | ५०००। |
| २ | **एक्साभेटर (चालक र इन्धन सहित)** | |
| क | गाउँपालिकाबाट संचालन भएका आयोजनाहरुमा प्रयोग भई वापत | ६०००। |
| ख | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति/ठेकेदार/संस्थाले प्रयोग गरे वापत | ६५००। |
| ३ | टिपर (चालक सहित र इन्धन वाहेक) प्रति दिन (८ घण्टा) | १००००। |
| | नोट : माथि बाहेकको अवस्थामा गाउँपालिका क्षेत्रभित्र कुनै कार्य गर्ने पर्ने भएमा तर सोको लागि आयोजना/कार्यक्रम नभएको अवस्थामा वा आपत् विपद् परेमा गाउँपालिकाबाट इन्धन वेहोरी गाउँपालिकाको कुनै पनि उपकरण निःशुल्क रुपले प्रयोग गर्न वाधा पर्ने छैन । | |

## अनुसूची - ४
## व्यवसाय कर

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १. | खसीको मासु प्रति पसल | ३३०।०० |
| २. | कुखुराको मासु प्रति पसल | २२०।०० |
| ३. | वंगुर, राँगाको मासु प्रति पसल | २७५।०० |
| ४. | जीउँदो कुखुरा,हाँस विक्री गर्ने प्रतिपसल | २७।५० |
| ५. | परेवा विक्री गर्ने प्रतिपसल | ११।०० |
| ६. | सानो (लोकल माछा) विक्री गर्ने पसल | ५५।०० |
| ७. | ठुलो माछा विक्री गर्ने पसल | १६५।०० |
| ८. | भुईमा चट्टी थापी सब्जि विक्री गर्ने पसलमा निम्नअनुसारको कर लिने<br>क.१ के.जी भन्दा माथि ५० के.जी सम्म रु<br>ख.५० के.जी.भन्दा माथि जति भएपनी | <br>११।००<br>५५।०० |
| ९. | ढक्कीमा राखी सब्जि विक्री गर्ने पसल | ११।०० |
| १०. | पापड,आलुचप, कचौरी, विक्री गर्ने पसल | २२।०० |
| ११. | ठेलामा चाउमिन, मोःमो, तथा नास्ता बेच्ने पसल | ५५।०० |
| १२ | स्थानिय मदिरा पसल | ११०।०० |
| १३. | कपडा पसल | ५५।०० |
| १४. | तयारी पोशाक वेच्ने पसल | ५५।०० |
| १५. | मनिहारी,चुरा,धागो,श्रृंगारका सामानहरु बेच्ने पसल | २७।५० |
| १६. | प्लाष्टिकका सामान बेच्ने पसल | २७।५० |

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १७. | सरसफाईका लागी कुचो ,झाडु बेच्ने पसल | ११।०० |
| १८. | चटाई तथा गुन्द्री बेच्ने पसल | ११।०० |
| १९. | प्लाष्टिकका झोला बेच्ने पसल | ५।५० |
| २०. | भुईमा चटी थापी किराना सामान बिक्री गर्ने पसल | २७।५० |
| २१. | चटपटे ,पुचका वेच्ने पसल | १६।५० |
| २२. | जुत्ता चप्पल बेच्ने पसल | २७।५० |
| २३. | जुत्ता चप्पल मर्मत पसल | ११।०० |
| २४. | माटोको भाडा बेच्ने पसल | २७।५० |
| २५. | फलामका तयारी सामान बेच्ने पसल | २७।५० |
| २६. | कपाल दारी काटने शैलुन | ११।०० |
| २७. | बरफ,कुल्फी बिक्री गर्ने पसल | ११।०० |
| २८. | दाल,चामल,कनिका,ढक्कीमा राखी विक्री गर्ने पसल | ११।०० |
| २९. | भुष,पिना विक्री गर्ने पसल | ११।०० |
| ३०. | मसला विक्री गर्ने पसल | २२।०० |
| ३१. | पान पसल | २७।५० |
| ३२. | चिया नास्ता पसल | २७।५० |
| ३३. | छाता बनाउने पसल | ११।०० |
| ३४. | मुसा, झिंगा मार्ने विषाधी विक्री गर्ने पसल | ११।०० |
| ३५. | ताला चावि विक्री गर्ने तथा बनाउने पसल | २७।५० |
| ३६. | विउ बिजन विक्री गर्ने पसल | २७।५० |
| ३७. | ईलेक्ट्रक तथा ईलेक्ट्रोनिक सामान वेच्ने पसल | २७।५० |
| ३८. | माथिको प्रकरणमा नपरेका अन्य सामान वेच्ने पसल | ११।०० |

| सि.नं. | विवरण | करको दर वार्षिक रु. |
|---|---|---|
| १. | दैनिक उपभोगका खाद्य पदार्थ वेच्ने पसलमा निम्नअनुसारको कर लिने<br>क.पचासहजार देखी पाँच लाख सम्मको पसलमा रु<br>ख. पाँच लाख देखि १० लाख सम्मको पसलमा रु<br>ग. १० लाख भन्दा माथि जतिभएपनी रु | <br>३३०।००<br>५५०।००<br>११००।०० |
| २. | लुगा सिउने, कपाल काटने, कपडा धुने, पान बेच्ने, तस्विर खिच्ने, माटोको भाडा बेच्ने पसल | ५५०।०० |
| ३. | लत्ता कपडा, औषधी पसल, फलाम, सिमेन्ट, कर्कटपाता, तामा, सुनचादिका गहना तथा पित्तल बाट तयार हुने भाडाकुटडा र रंगरोगन, कलात्मक मुर्तिको सामान ,विजुलीको सामान विक्री गर्ने पसलमा निम्नअनुसारको कर लिने<br>क. पचासहजार देखी पाँच लाख सम्मको पसलमा रु<br>ख. पाँच लाख देखि १० लाख सम्मको पसलमा रु<br>ग. १० लाख भन्दा माथि जतिभएपनी रु | <br><br><br><br>३३०।००<br>५५०।००<br>११००।०० |

| सि.नं. | विवरण | करको दर वार्षिक रु. |
|---|---|---|
| ४. | मसलन्दको सामान, पेट्रोल, मोविल, आयल, आईसक्रिम, जुत्ता, फर्निचर, फर्निसिङ्ग को सामान, मेशिन पाटपुर्जा, तयारी पोशाक आदी मालसामान वेच्ने पसलमा निम्नानुसारको कर लिने | |
| | क.पचासहजार देखी पाँच लाख सम्मको पसलमा रु | ३३०।०० |
| | ख. पाँच लाख देखि १० लाख सम्मको पसलमा रु | ५५०।०० |
| | ग. १० लाख भन्दा माथि जतिभएपनी रु | ११००।०० |
| ५. | रेडियो, घडी, क्यामेरा टेलिभिजन, फ्रिज, सवारी साधन वा विलासिताको सामान बेच्ने पसलमा निम्नानुसारको कर लिने | |
| | क. पचासहजार देखी पाँच लाख सम्मको पसलमा रु | ३३०।०० |
| | ख. पाँच लाख देखि १० लाख सम्मको पसलमा रु | ५५०।०० |
| | ग. १० लाख भन्दा माथि जतिभएपनी रु | ११००।०० |
| ६. | स्थानिय ईजाजत प्राप्त भएको भट्टीवाट उत्पादित सवै प्रकारका मदिरा बेच्ने पसल वा भट्टीमा निम्नानुसारको कर लिने | |
| | क.सानो पसल | ११००।०० |
| | ख.ठुलो पसल | ३३००।०० |
| ७. | सिमेन्ट टायल, सिमेन्ट ब्लक, ह्यूमपाईप, सिमेन्ट पोल जस्ता सिमेन्ट वाट तयार हुने सामानको प्रति पसल | १६५०।०० |
| ८. | स्वदेशी वा विदेशी डिस्टीलरी वा ब्रुअरी बाट उत्पादित बोतल वन्दी मदिरा पसलमा | ११००।०० |
| ९. | चिया मिठाई पसल तथा भोजनालय (क) | ११००।०० |
| | चिया मिठाई पसल तथा भोजनालय (ख) | ५५०।०० |
| १०. | नेपाल सरकारको स्वीकृति लिई स्थापना भएको मदीरा भट्टीमा | ३३००।०० |
| ११. | छापाखाना | १६५०।०० |
| १२. | ईटा, झिंगटी आदि उत्पादन गर्ने उद्योगमा प्रति चिम्नी | २७५००।०० |
| १३. | ठाडो भएको ईटा झिगटी उत्पादन विक्रिमा | ५५००।०० |
| १४. | ज्यासल खोली व्यापार गर्ने पसलमा | ११००।०० |
| १५. | होटेल, गेष्टहाउस, लजमा | ११००।०० |
| १६. | कविराज, चिकित्सक, दन्त चिकित्सक, ईन्जिनियर, कानुन व्यवसायी, लेखापरिक्षक, व्यवसायिक व्यायामशाला,ज्योतिष, शिक्षण संस्था, टाईप, कम्प्यूटर, मनिचेन्जर, फर्निचर, पशुचिकित्सक, सेवा मसाज, पार्लर, पेन्टर | ११००।०० |
| १७. | बैंकिङ्ग र वित्तिय संस्थामा निम्नानुसारको कर लिने | |
| | क.एककरोड भन्दा मुनिको पूजिमा | ११००।०० |
| | ख.एक करोड भन्दा माथिको पूजिमा | ५५००।०० |
| १८. | व्यवसायिक तालिम केन्द्र | ११००।०० |
| १९. | दुग्ध व्यवसायी चिज उद्योगमा | ५५०।०० |
| २० | घरेलु तथा साना उद्योगमा | ११००।०० |
| २१. | मझौला उद्योग | ५५००।०० |
| २२. | ठूला उद्योग | २७५००।०० |
| २३. | गाउपालिका प्रधान कार्यालय भएको निर्माण व्यवसायीलाई | ५५००।०० |
| २४ | व्यवसायिक संचार (फोन फयाक्स) सेवा | ५५०।०० |

| सि.नं. | विवरण | करको दर वार्षिक रु. |
|---|---|---|
| २५. | मिलको प्रति अश्व शक्ति वापत | २७।५० |
| २६. | माथिको प्रकरणमा नपरेको अन्य | २५ देखी २५० सम्म तजविजीमा |

## अनुसूची - ५
## जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|---|---|
| १ | पशु बधशाला | २००० | १५०० | १००० |
| २ | मासु बिक्रेता | १००० | ८०० | ५०० |
| ३ | कवाडीखाना | १००० | ८०० | ५०० |
| ४ | जीवजन्तु कर | १००० | ८०० | ५०० |
| ५ | जडिबुटी कर | १००० | ८०० | ५०० |

## अनुसूची - ६
## सवारी साधन कर

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १. | बस, ट्रक, लहरी र अन्य हेभी गाडीको | १२१०।०० |
| २. | भाँडाका कार ,जीप मा | ११००।०० |
| ३. | भाडाका टेम्पो | ५५०।०० |
| ४. | भाडाको मिनि वसमा | ११००।०० |
| ५. | निजी कार, टयाक्टर, टेम्पो र मिनि वसमा | २२०।०० |
| ६. | स्कुटर, मोटर साईकल तथा अन्य सवारी साधनमा | ५५।०० |
| ७. | ठेला तथा रिक्सामा | २२।०० |
| विदेशमा दर्ता भएका देहायका सवारी साधन गाउँपालिका प्रवेश हुदा निम्न अनुसारका सवारीमा निम्न वमोजिमको दैनिक कर लिने । | | |
| १. | मोटर साईकल,स्कुटर (दैनिक) | २२।०० |
| २. | मोटर ,कार,जिप,भ्यान | ५५।०० |
| ३. | ट्रक,लहरी,वस,कन्टेनर,डोजोर, रोलर ,आदी जस्ता हेभी सवारी साधन | ११०।०० |

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १. | निजी तथा भाडाका वस,ट्रक र टयाक्टरमा (प्रति पटक) | १६।५० |
| २. | मिनिवसमा प्रति पटक | ७७० |
| ३. | निजी तथा भाडाका कार टेम्पोमा | ५।५० |
| ४. | अन्य सवारी साधनम | ५।५० |

## अनुसूची - ७

## विज्ञापन कर

| सि. नं. | विवरण | प्रति वर्षको दर रु. |
|---|---|---|
| १. | गाउपालिका क्षेत्रभित्र विज्ञापनको लागी राखिएका होडिंङ्ग वोर्ड प्रति स्कवायर फिट | ५०।०० |
| २. | भित्ते लेखन प्रतिविज्ञापन प्रति स्क्वायर फिट | २०।०० |
| गाउापालिका क्षेत्रभित्र विज्ञापन शुल्क वापत वार्षिक न्यूनतम रू. ५०,०००। तोक्ने निर्णय गरियो । | | |

## अनुसूची - ८
## मनोरन्जन कर

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १. | सिनेमाहल,भिडियोहल,साँस्कृतिक प्रदर्शन स्थल,थियटर,संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा उठेको रकमको | ३% |
| २. | जादु, सर्कस,चटक आदिमा प्रतिदिन | २७५।०० |

## अनुसूची - ९
## बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | न्यूनतम (मासिक) | अधिकतम (मासिक) |
|---|---|---|---|
| १. | तत्कालिन गा.वि.स.आफैले निर्माण गरेका पक्की सटरकोठाहरु को मासिक | १६५०।०० | डाक बढावढ वाट |
| २. | कच्चि सटर कोठाहरु (तत्कालिन गा.वि.स.आफैले निर्माण गरेको | ५५०।०० | डाक बढाबढ बाट |
| ३. | ऐलानी पर्ती जग्गामा आफैले घर टहरा निर्माण गरी भोगचलन गरि वसेकोमा | प्रतिघर | ३८५।०० |
| ४. | ऐलानी पर्ती जग्गा जोत आवाद गरि भोगचलन गरेको जग्गामा | एक कठ्ठा सम्मको<br>एक कठ्ठा भन्दा माथि भए | रु.१००।-<br>५००।- (प्रतिकठ्ठा) |

## अनुसूची - १०

### पार्किङ्ग शुल्क

| विवरण | शुल्क |
|---|---|
| लरी | रु.४० |
| बस, मिनी बस, ट्रक, ट्र्याक्टर | रु.२० |
| टेम्पो, जिप | रु.१० |
| मो.सा. | रु.५ |

## अनुसूची - ११

### ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क

| विवरण | शुल्क |
|---|---|
| ट्रेकिङ्ग | ५० |
| कोयोकिड | ५० |
| क्यानोइङ्ग | ५० |
| बन्जी जम्पिङ्ग | ५० |
| जिपफ्लायर | ५० |
| ऱ्याफ्टीङ्ग | ५० |

## अनुसूची - १२

### सेवा शुल्क तथा दस्तुर

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १. | सरसफाई शुल्क | नि:शुल्क |
| २. | पर्यटकिय बनभोज क्षेत्रको प्रवेश शुल्क स्वदेशीलाई | ५५।०० |
| ३. | पर्यटकिय बनभोज क्षेत्रको प्रवेश शुल्क विदेशीलाई | ११०।०० |
| ४. | पार्क ,उद्यान,प्रवेश शुल्क स्वदेशीलाई | ५५।०० |
| ५. | पार्क ,उद्यान,प्रवेश शुल्क विदेशीलाई | ११०।०० |
| ६. | कसैको रकम कलम उठाई दिएकोमा उठेको रकमको | ५% |

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | निवेदन दस्तुर | नि:शुल्क |
| २ | नागरिता प्रमाण पत्र सिफारिस/प्रतिलिपी सिफारिस | नि:शुल्क |
| ३ | नाता प्रमाणित दस्तुर | नि:शुल्क |
| ४ | सर्जमिन दस्तुर | ३३०।०० |
| ५ | जग्गा नामसारी | नि:शुल्क |

| सि. नं. | विवरण | करको दर रु. |
|---|---|---|
| ६ | मोही नामसारी | नि:शुल्क |
| ७ | मोही छोडपत्र | नि:शुल्क |
| ८ | मोही लगत कट्टा | १५०।०० |
| ९ | फोटो टाँस सिफारिस | नि:शुल्क |
| १० | घर र वाटो भएको सिफारिस | २००।०० |
| ११ | घर नभएको वाटो भएको सिफारिस | १५०।०० |
| १२ | घर र वाटो नभएको सिफारिस | १००।०० |
| १३ | चार किल्ला प्रमाणित सिफारिस | नि:शुल्क |
| १४ | अचल सम्पती मूल्यांकन प्रति लाख | ०.०५% |
| १५ | काठ चिरानी सिफारिस रिक्शा ठेला गाडा वाट | ५५।०० |
| १६ | काठ चिरानी सिफारिस वयल गाडा वाट | ११०।०० |
| १७ | काठ चिरानी सिफारिस टयाक्टर वाट | ३३०।०० |
| १८ | काठ चिरानी सिफारिस ट्रक वाट | ५५०।०० |
| १९ | विद्युत सिफारिस घरको लागी | नि:शुल्क |
| २० | विद्युत सिफारिस कृषिको लागी | नि:शुल्क |
| २१ | विद्युत सिफारिस उद्योगको लागी | ५५०।०० |
| २२ | लिखत, कपाली, भरपाई (धनीवाट लिने) | २००।०० |
| २३ | पशु खरिद विक्री सिफारिस दस्तुर | ५००।०० |
| २४ | पंजीकरण प्रतिलिपी वाहेक अन्य प्रतिलिपी प्रमाणित दस्तुर | नि:शुल्क |
| २५ | अविवाहित सिफारिस दस्तुर | नि:शुल्क |
| २६ | सनाखत सिफारिस दस्तुर | नि:शुल्क |
| २७ | समावेशी सिफारिस दस्तुर | नि:शुल्क |
| २८ | घर कायम सिफारिस दस्तुर | २००।०० |
| २९ | स्थायी वसोवास सिफारिस दस्तुर | नि:शुल्क |
| ३० | स्थायी वासिन्दा यकिन सिफारिस दस्तुर | नि:शुल्क |
| ३१ | जन्म,विवाह र मृत्यु प्रमाणित सिफारिस दस्तुर | नि:शुल्क |
| ३२ | जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपी सिफारिस दस्तुतर | १५०।०० |
| ३३ | फरक फरक नाम,थर, जन्म मिति एउटै भएको सिफारिस दस्तुर | नि:शुल्क |
| ३४ | अपाङ्गता सम्वन्धी, छात्रवृत्ति, निशुल्क औषधी उपचार सम्वन्धी सिफारिस दस्तुर | नि:शुल्क |
| ३५ | नवालक प्रमाणित सिफारिस दस्तुर | नि:शुल्क |
| ३६ | अन्य नखुलेका सिफारिस दस्तुर | १००।०० |

**दरभाउपत्र वा बोलपत्र प्रति फाराम दस्तुर (सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम) हुनेछ ।**

| सि.नं | विवरण | २०७९।०८० |
|---|---|---|
| १ | रु. २० लाखसम्मको सिलवन्दी दरभाउपत्र | १०००.०० |
| २ | रु. २० लाख माथि २ करोड सम्मको बोलपत्र | ३०००.०० |
| ३ | रु. २ करोड माथि १० करोडसम्मको | ५०००.०० |
| ४ | रु. १० करोड माथि २५ करोडसम्मको | १००००.०० |
| ५ | रु. २५ करोड भन्दा माथि जतिसुकै भएपनि | २००००.०० |

**व्यवसाय/ संघ संस्था/ समुह सिफारिस/ दर्ता/ नविकरण शुल्क**

| सि.नं | विवरण | सिफारिस | दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहकारी संस्था | निःशुल्क | २५००। | १०००। | |
| २. | डिलरसिप (मलखाद्य, वीउ विजन) | निःशुल्क | १०००। | १००० | |
| ३. | संस्था/स्थाई लेखा नं (पान) | ५००। | □ | □ | |
| ४. | कन्सलटेन्सी | निःशुल्क | १०००। | १०००। | |
| ५. | घ वर्ग निर्माण व्यवसायी | निःशुल्क | १००००। | ५०००। | |
| ६. | कृषि तथा पशु समूह | निःशुल्क | १०००। | ५००। | |
| ७. | **नवीकरण जरिवाना** | | | | |
| क | श्रावण देखि असोज सम्म | - | □ | दस्तुर वमोजिम | |
| ख | कार्तिक देखि पौष सम्म | - | □ | १० प्रतिशत | |
| ग | माघ देखि चैत्र सम्म | - | □ | २० प्रतिशत | |
| घ | सो वोहक प्रत्येक आर्थिक वर्षको थप | - | □ | ३० प्रतिशत | |
| ८. | विद्यालयको थप नयाँ कक्षा संचालन वापत | - | □ | | |
| क | सामुदायिक विद्यालय वाहेक आधारभूत तह अनुमति/कक्षा थप | | १०००। | | |
| ख | सामुदायिक विद्यालय माध्यमिक तह अनुमति/कक्षा थप | | २०००। | | |
| ग | संस्थागत विद्यालय माध्यमिक तह अनुमति/कक्षा थप | | २५००। | | |

**घर नक्सा पास दस्तुरः-**

**आर.सि.सि.फ्रेम वनावट :-**

| सि.न. | विवरण | शुल्क |
|---|---|---|
| क. | १ बर्ग फिट देखि १५०० वर्ग फुट सम्म प्रति फुट | रु.३ ।- |
| ख. | १५०१ बर्ग फिट देखि २५०० वर्ग फिट सम्म प्रति वर्ग फुट | रु.४ ।- |
| ग. | २५०१ बर्ग फिट देखि माथि जतिसुकै वर्ग फिट सम्म प्रति वर्ग फुट | रु.५ ।- |

**ईटालाई सिमेन्ट मसाला माटो जोडाई गरी वनेका जस्ता छाना भएका घरः-**

| सि.न. | विवरण | शुल्क |
|---|---|---|
| क. | १ बर्ग फिट देखि १५०० वर्ग फुट सम्म प्रति फुट | रु.२। |
| ख. | १५०१ बर्ग फिट देखि २५००वर्ग फिट सम्म प्रति वर्ग फुट | रु.३। |
| ग. | २५०१ बर्ग फिट देखि माथि जतिसुकै वर्ग फिट सम्म प्रति वर्ग फुट | रु.४। |

**कम्पाउण्डवाल प्रति वर्ग फुट रु.३।-**

**घरनक्सा दस्तुर :**

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १. | निवेदन दस्तुर | ३००। |
| २. | घर नक्शापास प्रति स्क्वायरफिट (अभिलेखिकरण समेत) | ७। |

**अनुसूची - १३**
**पर्यटन शुल्क**

| विवरण | शुल्क |
|---|---|
| प्रर्यटन शुल्क | रु.१०० |

**अनुसूची - १४**
**सार्वजनिक ऐलानी पोखरीहरु तथा हाटबजार ठेक्कापट्टाबाट तोकिएको न्यून्तम दर**

| सि.नं | पोखरीको नाम, ठेगाना | ३ वर्षे | कैफियत |
|---|---|---|---|
| १ | राम अवतार साहुवाला पोखरी थल्हा ९ हाल वडानं ४ | ३२५०००। | |
| २ | हरि कुसियैत पोखरी साविक थल्हा ३ हाल वडा नं ४ | ४५००००। | |
| ३ | बथानटोलबाला पोखरी साविक ६ हाल वडा नं ४ | ४०००००। | |
| ४ | गुरुशरणबाला पोखरी, विष्णुपुर गा.पा.-२ | ४५००००। | |
| ५ | खोरियाटोल पोखरी साविक ५ हाल वडा नं १ | १५२५०००। | |
| ६ | रजोखरी वडकी पोखरी, विष्णुपुर गा.पा.-३ | २००००००। | |

| सि.नं | पोखरीको नाम, ठेगाना | ३ वर्षे | कैफियत |
|---|---|---|---|
| ७ | राजपुर अधिकारी पोखरी, विष्णुपुर गा.पा.-२ | २५००००। | |
| ८ | भिण्दवारवाला पोखरी साविक राजपुर ९ हाल वडा ३ | ३२५०००। | |
| ९ | राजपुर पोखरीयाटोल, विष्णुपुर गा.पा.-२ | २०००००। | |
| १० | दिनेश साहुवाला पोखरी साविक ८ हाल वडा नं ४ | ५०००००। | |
| ११ | सुडियाबाला पोखरी विष्णुपुर गा.पा.-२ | ५२५०००। | |
| १२ | रैतानी पोखरी, विष्णुपुर गा.पा.-१ | २५००००। | |
| १३ | पुलकित घर नजिकको पोखरी, गौरीपुर, विष्णुपुर गा.पा.-१ | ५०००००। | |
| १४ | हटियावाला पोखरी, गौरीपुर, विष्णुपुर गा.पा.-१ | १०२५०००। | |
| १५ | अमानतबाला पोखरी, गौरीपुर, विष्णुपुर गा.पा.-१ | ५०००००। | |
| १६ | लक्ष्मीनियाँ दहको उत्तर तर्फको पोखरी | ६२५०००। | |
| १७ | लक्ष्मीनियाँ दहको विचको पोखरी | ९८३०००। | |
| १८ | लक्ष्मीनियाँ दहको दक्षिण तर्फको पोखरी | २६८०००। | |
| १९ | लक्ष्मीनियाँ दहको फुटवल मैदान नजिकको पोखरी | ६२५०००। | |
| २० | गिदरमारी पोखरी, राजपुर १, विष्णुपुर गा.पा.-२ | १९७५०००। | |
| २१ | शोभापुर कुटी नजिकको पोखरी, विष्णुपुर गा.पा.-१ | ५२५०००। | |
| २२ | हरिनगरा स्कलुबाला पोखरी, विष्णुपुर गा.पा.-१ | १३७५०००। | |
| २३ | दुर्गा मन्दिरवाला पोखरी, विष्णुपुर गा.पा.-४ | ९०००००। | |
| २४ | घुटर घर नजिकको वडकी पोखरी हाल विष्णुपुर गा.पा-१ | ७०००००। | |
| २५ | शिवराजीबाला पोखरी साविक थल्हा ४ हाल वाड नं ४ | ३०००००। | |
| २६ | बालेश्वर कुसियैतबाला पोखरी थल्हा ५ हाल वडा नं ४ | २५००००। | |
| २७ | जगवाला पोखरी साविक थल्हा ६ हाल वडा नं ४ | २०००००। | |
| २८ | बभनाबाला पोखरी साविक थल्हा ६ हाल वडा नं ४ | १५००००। | |
| २९ | कैलुबाला पोखरी साविक थल्हा ६ हाल वडा नं ४ | १५००००। | |
| ३० | राम प्रसाद साहुवाला पोखरी थल्हा ९ हाल वडा नं ४ | २०००००। | |
| ३१ | रामबाबु यादवबाला पोखरी साविक ३ हाल वडा नं ४ | १५००००। | |
| ३२ | करहर्वा पोखरी साविक १ हाल वडा नं ४ | ७०००००। | |
| ३३ | गुरुदयालबाला पोखरी हाल वडा नं २ | ५२५०००। | |
| ३४ | लक्ष्मीपुर सार्वजनिक पोखरी | ३०००००। | |
| ३५ | खरदारबाला पोखरी साविक थल्हा ४ हाल वडा नं ४ | ५०००००। | |
| | **जम्मा** | २०६२६००० | |

## हाटबजार :

| सि.नं. | विवरण | ३ वर्षे ठेक्का अंक रु. |
|---|---|---|
| १. | यस गाउँपालिका अन्तर्गत वडा नं. १, विष्णुपुर चौकमा लाग्ने हटिया | १५०००००। |
| २. | यस गाउँपालिका अन्तर्गत वडा नं. ४, थलहा कटहा हटिया | १२३०००। |
| ३. | यस गाउँपालिका अन्तर्गत वडा नं. ५, लक्ष्मीपुर हटिया | १५७०००। |
| | जम्मा | **१७८००००** |

**समाप्त**